# कर्मचारीहरूका लागि गोपनीयता सम्बन्धी नीति

## 1 परिचय

हामी हाम्रा "भावी, वर्तमान र भूतपूर्व कर्मचारीहरू ("**तपाईं**" वा "**कर्मचारीहरू**")का व्यवस्थापन, मानव संसाधन र भुक्तानी प्रयोजनहरूका बारेमा संकलन गरेका व्यक्तिगत सूचनाहरूको गोपनीयतालाई सुरक्षित गर्न प्रतिबद्ध छौं ।

Hyatt कर्मचारीको रूपमा (वा सम्भावित कर्मचारीको रूपमा), तपाईं बुझ्नु र स्वीकार गर्नुहुन्छ कि हामी यस कर्मचारीको लागि गोपनीयता नीति (यो "**नीति**") अनुसार तपाईंको व्यक्तिगत जानकारी सङ्कलन, प्रयोग र खुलासा गर्छौं।

## 2 यो नीतिको उपयोग

यो नीति कर्मचारीहरूको व्यक्तिगत सूचना तथा उक्त सूचनाको मौखिक, विद्युतीय र/वा लिखित कुनै पनि प्रकारको प्रयोगमा लागू हुन्छ। तपाईंको नागरिकता/निवासका आधारमा तपाईंका लागि विशेष राष्ट्र/क्षेत्रको गोपनीयता नीति नभएसम्म वा उक्त राष्ट्र/क्षेत्रमा Hyatt Location (तल परिभाषित गरिएअनुसार) नभएसम्म यो नीति लागू हुन्छ।

यो नीतिले तपाईंको व्यक्तिगत जानकारीको संरक्षण गर्ने Hyatt को प्रतिबद्धतालाई प्रभावकारी बनाउँछ र यस नीतिलाई Hyatt (एकल रूपमा, **"Hyatt Location"** र संयुक्त रूपमा, "**Hyatt Locations**") सँग सम्बन्धन प्राप्त स्वतन्त्र रूपमा ब्राण्ड भएका स्थानहरू सहित विश्वभर रहेका Hyatt®, Park Hyatt®, Miraval®, exhale®, Grand Hyatt®, Hyatt Regency®, Andaz®, Hyatt Centric®, The Unbound Collection by Hyatt®, Hyatt Place®, Hyatt House®, Hyatt Ziva™, Hyatt Zilara™ वा Hyatt Residence Club® ब्राण्डहरू अन्तर्गत वा सम्बन्धित स्थानहरूमा सेवाहरू व्यवस्थापन गर्ने, सञ्चालन गर्ने, विशेष अनुमतिका साथ बिक्री गर्ने, स्वामित्व भएको र/वा प्रदान गर्ने सबै अलग र विशिष्ट कानूनी संस्थाहरूद्वारा ग्रहण गरिएको छ। यी संस्थाहरूमा Hyatt Hotels Corporation, यसका प्रत्यक्ष र अप्रत्यक्ष सहायक कम्पनीहरू र विश्वभर व्यक्तिगत Hyatt Locations को स्वामित्व प्राप्त गरेका सबै अलग तथा विशिष्ट कानूनी संस्थाहरू पर्दछन्। विषयवस्तुका आधारमा, यस नीतिभरि नै "**Hyatt**", "**हामी**" तथा "**हाम्रो**" भन्ने सम्बोधनले स्थिति अनुसार तपाईंसँग कामको सम्बन्ध भएका र हुने सबै एकाइहरू सहित सामूहिक रूपमा यी फरक तथा छुट्टै कानूनी एकाईहरूलाई जनाउँछ।

तलको खण्ड 4 मा उल्लेख गरिएका प्रयोजनहरूका लागि तपाईंको रोजगार सम्बन्ध भएको वा हुन सक्ने संस्थाद्वारा तपाईंको व्यक्तिगत जानकारीको प्रयोग गरिनेछ। मानव संसाधन प्रशासन प्रयोजनका लागि तपाईँको व्यक्तिगत जानकारीको खुलासा अन्य संस्थाहरूसँग पनि हुन सक्छ ।

यो नीतिको उद्देश्य हाम्रो व्यक्तिगत जानकारी संसाधन गतिविधि सबैभन्दा ठुलो सीमामा विश्वव्यापी वर्णन गर्नका लागि गरिएको भए पनि, ती संसाधन गतिविधिहरू कानुनी प्रतिबन्धको आधारमा केही अझ सीमित हुन सक्छ । उदाहरणका लागि, कुनै विशेष देशको कानुन अनुरुप हामीले सङ्कलन गर्ने व्यक्तिगत सुचनाको किसिम अथवा उक्त व्यक्तिगत सूचनामाथि हामीले संसोधन गर्ने तरिकालाई सीमित गर्न सक्नेछ । यस्तो अवस्थामा, हामी स्थानीय कानुन अनुसार आवश्यकताको पालना गर्नलाई हाम्रो आन्तरिक नीतिमा समायोजन गर्दछौं ।

यदि तपाईं यो नीतिसँग सहमत हुनुहुन्छ भने, स्थानीय व्यवस्था अन्तर्गत आवश्यक हदसम्म, तपाईले व्यक्त गर्नुहुन्छ र लिखित सहमति जनाउनु हुन्छ कि तपाईंले Hyatt लाई दिने कुनै पनि व्यक्तिगत जानकारी संसाधन गर्न अनुमति दिनु भएको छ जसमा संवेदनशील व्यक्तिगत सूचना मानिन्छ (धारा 3 मा भएको वर्णनको रूपमा) र संसाधनमा वा वित्तीय जानकारी मानिन्छ।

© 2018 Hyatt Corporation

## 3 हामीले संसाधित गर्ने व्यक्तिगत सूचनाको किसिम

यस नीतिमा "**व्यक्तिगत जानकारी**" भन्नाले तपाईंलाई एक व्यक्ति भनेर पहिचान गर्ने वा सो किसिमको क्षमता राख्ने जानकारी भनेर बुझिन्छ। हामीले संसाधित गर्ने व्यक्तिगत सूचनाको किसिम (प्रचलित नियम तथा कर्मचारीको पद र कर्तव्यको प्रकृति अनुसार र क्षेत्र अनुसार फरक हुन सक्ने) मा निम्न पर्दछन् :

- नाम, लिङ्ग, व्यक्तिगत सम्पर्क विवरणहरू, जन्ममिति, छवि, जातियता, वैवाहिक स्थिति, आपतकालीन सम्पर्कहरू;
- आवास तथा कार्य अनुमति अवस्था, सैन्य अवस्था, नागरिकता र राहदानी विवरण;
- सामाजिक सुरक्षा वा अन्य करदाता पहिचान नम्बर, बैंक विवरण;
- विरामी भत्ता, निवृत्तिभरण, बीमा तथा अन्य सुविधाहरू बारे जानकारी (जसमा कुनै पनि पति वा पत्नी, नाबालक बच्चाहरू वा अन्य योग्य, आश्रित व्यक्ति वा हकदारहरूका लिंग, उमेर, राष्ट्रियता तथा राहदानी बारे विवरणहरू लगायत);
- नियुक्ति मिति, बढुवा(हरु)को मिति(हरु), कार्य विवरण, प्राविधिक सीप, शैक्षिक विवरण, व्यावसायिक प्रमाणपत्र तथा दर्ताहरू, भाषिक दक्षता, भाग लिएका तालिमहरू;
- उचाइ, वजन र लुगाको आकार, तस्बिर, शारीरिक सीमा तथा विशेष आवश्यकताहरू;
- काममा अनुपस्थित रहेको अभिलेख, बिदाको अधिकार तथा अनुरोधहरूका विवरण, तलब विवरण तथा अपेक्षाहरू, कार्य सम्पादन मूल्यांकन, प्रशंसापत्र र सिफारिश, चयन र विकास मूल्यांकन तथा अनुशासनात्मक र उजुरी प्रक्रिया (Hyatt नीतिको अनुपालन तथा लागू लगायत);
- कानुनले अनुमति दिएसम्म तथा एक जना कर्मचारी वा सम्भावित कर्मचारीले गर्ने काम अनुरुप भएसम्म, ऋण भुक्तानी तथा आपराधिक भूमिका जाँचको नतिजा, लागू पदार्थ तथा मादक पदार्थ जाँचको नतिजा, अन्य जाँचहरू, स्वास्थ्य प्रमाणीकरण, सवारी चालक अनुमतिपत्र, सवारी दर्ता तथा चालक विवरण;
- स्वास्थ्य कार्यक्रमहरू, (स्वास्थ्य कार्यक्रममा सहभागी हुने जीवनसाथी, नाबालक वा अन्य योग्य आश्रित तथा लाभार्थीहरूका कुनै पनि जानकारी सहित);
- कानुनको पालना गर्ने क्रममा आवश्यक पर्ने सूचनाहरू, कानुन अनुपालन अधिकृतहरूको निर्देशन तथा अनुरोधहरू अथवा अदालतका आदेशहरू (*जस्तै*, बालबालिका सहयोग वा ऋण भुक्तान विवरण);
- Hyatt नीति सम्बन्धि स्वीकृति, चासोका नीति सम्बन्धि नैतिकता र/वा स्वार्थको द्वन्द्व लगायत कम्प्युटर र अन्य स्रोत प्रयोग नीति;
- निश्चित क्षेत्राधिकारमा बायोमेट्रिक जानकारी र अनुहार पहिचान सहित लागूयोग्य कानूनले अनुमति दिएको हदसम्म Closed Circuit Television (**"CCTV"**) र कि कार्ड प्रवेश प्रणालीहरू र अन्य सुरक्षा र प्रविधि प्रणालीहरू सहित सुरक्षा प्रणालीहरूमा कैद जानकारी;
- Hyatt को कम्प्युटर, नेटवर्क वा सञ्चार उपकरणको प्रयोग गरी कर्मचारीद्वारा सिर्जना, भण्डारण वा प्रसारण गरिएका भ्वाइसमेल, इमेल, पत्राचार र अन्य कार्य उत्पादन तथा सञ्चार;
- राजिनामा वा निलम्बन मिति, राजिनामा वा निलम्बनको कारण, रोजगारको प्रशासन निलम्बन गर्न सम्बन्धित जानकारी(*जस्तै*,संदर्भ); र
- कुनै पनि अन्य प्रासंगिक लगत जुन Hyatt को उद्देश्य अनुरूप हुनु आवश्यक छ।

© 2018 Hyatt Corporation

हामीले संशोधन गर्ने धेरैजसो व्यक्तिगत सूचनाहरू भनेको तपाईले जानेरै हामीलाई उपलब्ध गराएका सूचनाहरू हुन् । यद्यपि, केही परिस्थितिहरूमा, तपाईंले हामीलाई उपलब्ध गराएको वा तपाईंसँगको हाम्रो अन्तरक्रिया अवधिमा प्राप्त वा हामीले तपाईंको बारेमा बताएको प्रक्रियाको प्रयोग गरी कुनै तेस्रो पक्ष (जस्तै, भर्ना एजेन्ट वा पृष्ठभूमि जाँच बिक्रेता) बाट हामीले प्राप्त गरेको तपाईंको व्यक्तिगत जानकारीका आधारमा हामीले तपाईंका बारेमा अनुमान गर्न सक्ने व्यक्तिगत जानकारीको संशोधन गर्दछौं।

तपाईले हामीलाई उपलब्ध गराएको वा हामीले सङ्कलन गरेका व्यक्तिगत सूचनाहरूलाई केही देशको गोपनीयता कानुन अन्तर्गत "संवेदनशील व्यक्तिगत सूचना" अनुसार व्यवहार गरिने परिस्थितिहरू पनि हुन सक्छन् । ती नियमहरूले "**संवेदनशीलव्यक्तिगत सूचना**" लाई व्यक्तिगत जानकारीको रूपमा परिभाषित गर्छन् जसबाट हामीले व्यक्तिको जातीय वा जातीय मूल, राजनीतिक विचार, धार्मिक आस्था वा यस्तै प्रकृतिका अन्य आस्था, ट्रेड युनियन वा व्यावसायिक संघको सदस्यता, शारीरिक वा मानसिक स्वास्थ्य वा अवस्था, वंशाणुगत तथ्यांक, बायोमेट्रिक जानकारी र व्यक्तिको यौन जीवन वा यौन झुकाव सम्बन्धी जानकारी निर्धारण वा अनुमान गर्न सकिन्छ। केही धेरै दुर्लभ परिस्थितिहरूमा, तपाईं अवस्थित स्थानमा वित्तीय रेकर्डहरूले संवेदनशील व्यक्तिगत जानकारी तयार गर्न सक्नेछन्। संवेदनशील व्यक्तिगत सूचनालाई तपाईंको न्याय सम्बन्धी काममा त्यस ठाउँको कानुनले अनुमित दिए मात्रै ल्याउँछौं ।

जबसम्म अन्यथा भनिन्न, तपाईंसँग अनुरोध गरिएको सम्पूर्ण व्यक्तिगत जानकारीहरू अनिवार्य छन् । यदि तपाईंले अनुरोध अनुरूप हामीलाई सबै अनिवार्य व्यक्तिगत जानकारी प्रदान गर्नुभएन र/वा प्रक्रिया गर्न अनुमति दिनुभएन भने, हामी तपाईंको पुरा जानकारी राख्न असक्षम हुन्छौँ, जसले गर्दा तल खण्ड 4 उल्लेख गरिएका उद्देश्य पूरा गर्ने हाम्रो क्षमतामा प्रभावित हुनेछ ।

## 4 हामीले व्यतिगत जानकारी कसरी प्रयोग गर्छौं

सम्बन्धित देश र प्रचलित नियमहरूको आधारमा हामीले जानकारी सङ्कलन, प्रयोग र कर्मचारीहरू विषयमा व्यक्तिगत जानकारी निम्न कार्यहरूका लागि खुलासा गर्न सक्छौँ :

- नियुक्तिका लागि आवेदनको मुल्यांकन गर्न ;
- तलब, सुविधा, संस्थागत भ्रमण र अन्य शोधभर्ना योग्य खर्चहरू, विकास र तालिम, अनुपस्थिति अनुगमन, कार्यसम्पादन मुल्यांकन, अनुशासनात्मक तथा उजुरी प्रक्रिया तथा अन्य सामान्य प्रशासकीय तथा मानव संशाधन सम्बन्धी प्रक्रियाहरू लगायतका तर यसैमा सीमित
- नरहने गरी कुनै कर्मचारीको रोजगार सम्बन्धको सबै पक्षहरूको व्यवस्था गर्न;
- कार्यबल र सक्सेसन योजनाहरू विकास गर्न;
- बिमारी बारे अभिलेख राख्न तथा पेशागत स्वास्थ्य कार्यक्रमहरू संचालन गर्न;
- Hyatt अतिथिवर्ग, कर्मचारी तथा सम्पत्तिको सुरक्षा (Hyatt कम्प्युटर, तथा संचार तथा अन्य स्रोतहरूको प्रयोगद्वारा सुरक्षित स्थान र गतिविधिभित्र प्रवेशमा नियन्त्रण, सहजीकरण तथा अनुगमन) गर्न;
- Hyatt तथा यसका कर्मचारी र अतिथिवर्ग विरुद्धको दाबीका सम्बन्धमा छानबीन तथा प्रतिक्रिया गर्न;
- कर्मचारी मत सर्वेक्षण तथा कर्मचारी सम्मान-पहचान कार्यक्रमहरू संचालन गर्न;
- रोजगार समापन गर्न तथा संदर्भहरू उपलब्ध तथा कायम राख्न;
- आपतकालीन सम्पर्क तथा हकदार विवरण राख्न (जसमा Hyattद्वारा तपाईंले यस संदर्भमा मनोनित गरेका व्यक्तिबारे सूचना राख्ने समेत पर्दछन्); तथा

© 2018 Hyatt Corporation

- व्यक्तिगत कर्मचारीसित सम्बन्धित न्यायिक वा प्रशासनिक आदेश - *जस्तै,* तलब रोक्का, बालबालिका सहयोग भुक्तान- लगायतका प्रचलित कानूनको - *जस्तै,* स्वास्थ्य र सुरक्षा कानूनहरू पालना गर्न।

हाम्रा हायात स्थान तथा अन्य परिसरहरू तथा यसका वरिपरि सम्बन्धित देशको कानुनले अनुमति दिए सीसीटिभी क्यामेराहरू जडान गरिएका हुन्छन् जसलाई निम्नअनुसार प्रयोग गरिन्छः

- अपराध पत्ता लगाउन तथा रोक्न;
- Hyatt अतिथिगण तथा कर्मचारीको स्वास्थ्य र सुरक्षाको संरक्षण गर्न;
- Hyatt सम्पत्ति तथा Hyatt कर्मचारी, अतिथिगण र अन्य आगन्तुकहरूको सम्पत्तिको व्यवस्था तथा सुरक्षा गर्न; तथा
- गुणस्तर सुनिश्चितता उद्देश्यका लागि, प्रचलित नियमले अनुमति दिएको हदसम्म ।

हामी हाम्रो ग्राहक सेवाको गुणस्तर अनुगमन गर्न "गोप्य खरिदकर्ता" वा "रहस्यमय अतिथि" कार्यक्रम पनि चालु गर्न सक्छौँ ।

हायातको स्वीकार योग्य उपयोग सम्बन्धी नीति तथा उक्त नीतिलाई समय समयमा प्रतिस्थापन, संशोधन वा परिपूरण गर्नसक्ने अन्य कुनै पनि स्वीकारयोग्य उपयोग नीति अनुसार कानुनले अनुमति दिएमा हामी इन्टरनेट प्रयोग तथा संवादको अनुगमन गर्छौं ।

माथि उल्लेख नगरिएका उदेश्य बाहेक अवशिष्ट पक्षहरूका लागि हामी कर्मचारीहरूका केही व्यक्तिगत जानकारी कायम राख्न सक्छौँ रोजगारीको अन्त्यपछि पनि । हामी त्यस्तो व्यक्तिगत जानकारी आवश्यक भएसम्म र Hyatt रेकर्ड व्यवस्थापन नीति र प्रचलित कानूनले दिएसम्म कायम राख्छौँ ।

## 5 तपाईंको व्यक्तिगत जानकारीको खुलासा

### 5.1 सामान्य

माथि उल्लेखित उद्देश्यको कार्यान्वयन गर्नलाई, तपाईको बारेमा भएका तपाईंका सूचनाहरू माथि भनिएको प्रयोजनका लागि मानव संशाधन कर्मचारी, लाईन म्यानेजर, सल्लाहकार, परामर्शदाता र हाम्रो हायात स्थानहरू तथा कार्यालयका अन्य उपयुक्त व्यक्तिहरूमा खुलासा गरिनेछ ।

### 5.2 हाम्रा ऐजेन्टहरु, सेवा प्रदायकहरु र आपूर्तिकर्ताहरु

अन्य धेरै व्यवसायमा जस्तै, समय–समयमा, हामी केही कार्य र/वा सूचनाको प्रक्रियाला◌ाई तेस्रो पक्षलाई आउटसोर्स गर्दछौं । कृपया ध्यान राख्नुहोस् कि तपाईंले हाम्रो कुनै पदका लागि अनलाईन आवेदन दिएमा, तपाईंको व्यक्तिगत सूचनामाथि हाम्रो तर्फबाट संशोधन गर्न Hyattले अनुबन्ध गरेको कुनै तेस्रो पक्षको वेबसाइटमा तपाईंलाई लग्न सकिनेछ । हामी तेस्रो पक्षसँग तपाईंको व्यक्तिगत जानकारीको संसाधन आउटसोर्स गर्दा वा तपाईंको व्यक्तिगत जानकारी तेस्रो पक्ष सेवा प्रदायकलाई प्रदान गर्दा, हामी यो नीतिको सर्तहरू र अवस्था अनुसार ती तेस्रो पक्षहरूलाई उपयुक्त सुरक्षा उपाय अपनाई तपाईंको व्यक्तिगत जानकारीको रक्षा गर्न बाध्य पार्छौं ।

### 5.3 व्यवासाय हस्तान्तरण

हाम्रो व्यवसायको विकास गर्ने क्रममा हामी होटेल तथा अन्य सम्पत्तिहरूको खरीद वा बिक्री गर्न सक्नेछौं । यस्ता खाले कारोबारहरूमा, कर्मचारीबारे सूचनाहरू सामान्यतया हस्तान्तरित व्यावसायिक सम्पत्तीको एउटा भाग हुनेछ र तपाईंको व्यक्तिगत सूचनाहरूलाई एउटा सम्पत्तीको रूपमा यस्ता कुनै पनि हस्तान्तरणमा समावेश गर्न सक्नेछौं । त्यसबाहेक, कुनै असम्भव स्थितिमा हामी, वा महत्वपूर्ण रूपमा हाम्रा सबै सम्पत्तिहरू, अधिग्रहण गरिएमा, कर्मचारीबारे सूचना पनि एउटा हस्तान्तरित सम्पत्ती हुन सक्नेछ ।

© 2018 Hyatt Corporation

## 5.4 कानुनी आवश्यकताहरू

यदी कानुनी अदालतबाट बाध्य पारेमा तपाइको विषयमा हामीसँग भएको कुनै व्यक्तिगत जानकारीको खुलासा गर्ने अधिकार हामीमा सुरक्षित रहने छ वा विधिवत् रूपमा सरकारी निकाय बाट त्यसो गर्न अनुरोध आएमा वा यो आवश्यक छ भन्नेमा हामी निर्धारित भएमा वा कानुनको पालन गर्न वांछनीय भएकोले वा लागू नियमहरू अनुसार हाम्रो अधिकार र सम्पातिको बचाउन वा रक्षा गर्न. संकलित सूचनाहरू राख्ने, लेखा र करसम्बन्धी नियम कानून र कुनै विशेष नियन्त्रण कानुनहरूको पालना गर्न यस्ता सूचनाहरूमाथि कारबाही चलाउने अधिकार पनि हामी सुरक्षित राख्दछौं .

## 6 व्यक्तिगत जानकारीको आन्तरिक ट्रान्सफर

धेरैजसो अन्तर्राष्ट्रिय व्यवसायमा झैं, कानुनले अनुमति दिए अनुसार हाम्रो व्यवसायको व्यवस्थापनमा सुधार गर्ने उद्देश्यले हामीले हाम्रो डेटा प्रोसेसिङ तथा मानव संशाधन प्रशासनको केही भागहरूलाई केन्द्रीकृत गरेका छौं । उक्त केन्द्रीकरणले गर्दा व्यक्तिगत सूचनाहरूलाई एउटा देशबाट अर्को देशमा हस्तान्तरण गर्न सकिनेछ। उदाहरणका लागि, यदि तपाई कामदार, या रोजगारका लागि एक उम्मेदवार हुनुहुन्छ भने तपाईंसँग सम्बन्धित केही व्यक्तिगत जानकारी संयुक्त राज्य अमेरिकामा सार्न गर्न हस्तान्तरण गरिन्छ; (क) कुनै पनि Hyattसित सम्बद्ध संयुक्त राज्य अमेरिका बाहिर अवस्थित संस्थाद्वारा; वा (ख) हाम्रा कुनै पनि एकाईहरू वा संयुक्त राज्य अमेरिका बाहिर अवस्थित सम्बद्ध आतिथ्य व्यवसायहरूको एकजना कार्यकारी समितिको सदस्य, विभागीय प्रमुख वा अन्य मुख्य कर्मचारीका रूपमा ।

यदि तपाईंलाई अर्कै देशमा रहेको Hyatt होटेल वा सम्बद्ध आतिथ्य व्यवसायहरूको कुनै पदका लागि छलफल गरिएमा, तपाईंका बारेमा केही व्यक्तिगत सूचनाहरू, रोजगार खुल्ला गरिएको देशमा हस्तान्तरण गरिनेछ। तपाईंको सहमतिमा तपाईंका बारेमा केही व्यक्तिगत लगायत सूचनाहरू अन्य क्षेत्रमा अवस्थित Hyattसित सम्बद्ध संस्थाहरूको म्यानेजर र/वा मानव संशाधन कर्मचारीहरूलाई पनि कानुनले अनुमति दिए अनुसार हस्तान्तरण गर्न सकिनेछ ता कि उनीहरूले तपाईंलाई अन्य कुनै पदमा आवेदन दिने विषयमा सम्पर्क गर्न सकुन् । सूचनाहरू हस्तान्तरण गर्न सकिने क्षेत्रहरूमा व्यक्तिगत सूचनाको गोपनीयताको संरक्षण गर्ने कानून हुन वा नहुन पनि सक्नेछ ।

तैपनि, तपाईंको व्यक्तिगत सूचनाहरू Hyatt भित्रैमा हस्तान्तरण गरिएमा, तपाईंको व्यक्तिगत सूचनाहरूमाथि यसै नीतिको शर्त, नियम र कानुनले अनुमति दिए अनुसार संसोधन गरिनेछ । तपाईंको व्यक्तिगत जानकारी ट्रान्सफर गरिएको हुनसक्ने र ती निकायहरू अवस्थित रहेको न्यायाधिकारको सूचीलाई "सबै" चयन गरेर https://www.hyatt.com/explore-hotels मा फेला पार्न सकिन्छ।

यसका अतिरिक्त, हामीले तपाइंको व्यक्तिगत जानकारी ट्रान्सफर गररेको हुनसक्ने केही तेस्रो पक्ष आपूर्तीकर्ताहरू भिन्न स्थानहरूमा आधारित हुनसक्छन्, जस मध्ये कसैमा तपाईंको गृह राष्ट्रमा भन्दा अझ कम मानकका डेटा संरक्षण हुनसक्छन्। हामीले तस्रो पक्षलाई व्यक्तिगत डेटा ट्रान्सफर गर्दा, उपयुक्त सुक्षा मापनहरू गरिएका छन् र ती तस्रो पक्षहरूलाई यस नीतिका सर्त तथा अवश्थाहरूमा उत्तरदायित्व हुनेगरी उपयुक्त सुरक्षा मापनहरू छन् भन्ने सुनिश्चित गर्छौं। यी तस्रो पक्षहरू मुख्यत: यी दुई समूहमा पर्दछन्: (i) स्थानीय रूपमा-उपलब्ध गराइएका आपूर्तिकर्ता समर्थित व्यक्तिगत हायात स्थानहरू वा हायात स्थाहरूका समूहहरू, जो हायात स्थानहरू सञ्चालित कुनै देशमा सञ्चालनमा छन्; वा (ii) कन्द्रिय रूपमा-प्राप्त गरिने सेवा प्रदायकहरू, हायातलाई समग्र रूपमा समर्थन गर्ने, जो हाम्रो मुख्य व्यवसाय स्थानहरूमा अवस्थित, विशेषगरी युनाइटेड स्टेट्स (जहाँ हाम्रो प्रधान कार्यालय छ), स्विटजरल्याण्ड र हङकङ।

## 7 तपाईंको व्यक्तिगत जानकारी अपडेटिङ वा पहुँच

केहि सीमित अपवादबाहेक, खण्ड १० मा दिइएको निम्न ठेगानामा पत्र वा ईमेलद्वारा लिखित अनुरोध गरेर तपाईंले हामीले तपाइंको बारेमा बनाएको व्यक्तिगत सूचनाहरूबारे सोधपुछ गर्न सक्नुहुनेछ । कृपया तपाईंको पूरा नाम, Hyattमा वर्तमान (वा पूर्व) पद तथा नियुक्तिको स्थान उल्लेख गर्नुहोस् र तपाईंको परिचय प्रमाणपत्रको नक्कल पनि

© 2018 Hyatt Corporation

समावेश गर्नुहोस् (जस्तैः परिचय पत्र वा पासपोर्ट) जसद्वारा हामी तपाइँको परिचय तथा हामीले राखेको व्यक्तिगत सूचनाहरूबारे पत्ता लगाउन सक्नेछौं। प्रचलित कानून अनुसार तपाईंले प्राप्त गर्न अधिकार नराख्ने डेटालाई हामीले तपाईंलाई खुलाशा गर्ने छैनौं (*जस्तै,* अन्य व्यक्ति पहिचान खुल्ने डेटा)। द्रुत सक्सेनको लागि तपाईंले तपाइंले एक भन्दा धेरै अनुरोध गर्न सक्नुहुन्छ भने, हामीले तपाइंको त्यसपछिको अनुरोधलाई हाम्रो प्रारम्भिक प्रतिक्रियालाई सन्दर्भ गरेर तथा सामग्री जन्य रूपमा परिवर्तन भएका वस्तुहरूलाई पहिचान गरेर प्रतिक्रिया दिन सक्छौं।

तपाईंको बारेमा राखेका व्यक्तिगत सूचनाहरू सच्याउन, मेटाउन र/वा रोक्न वा प्रक्रिया गर्न प्रतिबन्ध लगाउन वा प्रयोग गर्न रोक्नका लागि, तपाईंले खण्ड १० मा दिइएको निम्न ठेगानामा पत्र वा ईमेलद्वारा हामीलाई अनुरोध गर्न सक्नुहुनेछ। यदि हाम्रो सूचना गलत भएको तथा कारबाही बन्द गर्नुपर्ने कुरामा सहमती रहेमा, हामी उक्त सूचनालाई मेटाउने या सच्याउनेछौं। यदि हाम्रो सूचना गलत भएको कुरामा सहमती नभएमा पनि, तपाईंले उक्त सूचनालाई गलत ठान्नुभएको तथ्यलाई हामी उपयुक्त फाइलमा रेकर्ड गर्नेछौं र हाम्रो असहमति रहेका कुरा भन्नेछौं।

अन्त्यमा, केही परिस्थितिहरूमा तपाईंले आफ्नो विशेष परिस्थितको अवस्थामा आफ्नो व्यक्तिगत जानकारीको प्रक्रिया गर्ने क्षमतालाई आरोप लगाउन सक्नुहुन्छ। तपाईंले त्यसो हामीलाई तल खण्ड १०मा तय गरिएको ठेगानामा लिखित पत्र वा इमेल पठाएर गर्न सक्नुहुन्छ। तपाईं आरोप देखाउन अधिकार प्राप्त हुनुहुन्छ भने, हामीले तपाईंको जानकारी प्रक्रिया गर्न रोक्नेछौं।

## 8 तपाईंको व्यक्तिगत जानकारीको सुरक्षा

तपाईंबाट हामीले र/वा सेवा प्रदायकहरूद्वारा व्यक्तिगत जानकारीहरु निकै सुरक्षित तरिकाले संग्रहीत गरेर राखिन्छ, जस अन्तरगत शारीरिक र इलेक्ट्रोनिक पहुँच नियन्त्रण, फायरवल प्रविधि र अन्य उचित सुरक्षा उपायहरू छन्। तापनि, यस्ता सुरक्षा उपायहरूले सबै नोक्सानी, दुरुपयोग वा व्यक्तिगत सूचनाको हेरफेरहरूमा रोक लगाउन सक्दैनन्, तसर्थ हामी यस्ता घटनासँग सम्बन्धित कुनै पनि क्षति वा दायित्वहरूबारे कानुनले पूर्ण रूपमा अनुमति दिएसम्म जिम्मेवार हुने छैनौँ। नियम अनुसार तपाईंलाई तपाईंको व्यक्तिगत जानकारीको कुनै गलत प्रयोग, क्षति वा हेरफेर भएमा सूचित गरिन्छ जसले तपाईंलाई प्रभाव पार्दछ, ताकि तपाईंले उपयुक्त कदम चाली आफ्नो अधिकार सुरक्षित राख्न सक्नुहुन्छ।

## 9 यो नीतिमा परिर्वतन

हाम्रो व्यवसाय जुन तरिकाले निरन्तर बदल्छ, नीति पनि बदलिन्छ। तपाईंको सहयोगका लागि, यो नीति लागू हुने मिति यसको अन्तमा राखिएको छ।

## 10 व्यक्तिगत जानकारी र प्रश्नहरु/उजुरीको पहुँचका लागि अनुरोध

यस नीतिबारे तपाईंको कुनै पनि प्रश्नहरू भएमा, अथवा यस नीतिको व्यवस्थाबारे कुनै पनि समस्या वा उजुरीहरू भएमा, अथवा यदि तपाईं हामीले राखेको तपाईंको व्यक्तिगत सूचनामा पहुँचका लागि एउटा अनुरोध (माथि खण्ड ७ मा वर्णन गरे अनुसार) गर्न हामीले तपाइंको बारेमा राखेका व्यक्तिगत जानकारीको बारेमा आफ्ना अधिकारहरू प्रयोग गर्न चाहनुहुन्छ भने, कृपया तलका मध्ये कुनै पनि तरिकाले हामीलाई सम्पर्क गर्नुहोस्:

- वर्तमान कर्मचारीहरूका लागि, आफ्नो लाइन प्रबन्धक वा आफ्नो मानव संसाधन प्रबन्धकलाई सम्पर्क गरेर; र
- आवेदकहरू र पूर्व कर्मचारीहरूलाई, privacy@hyatt.com मा Hyatt को प्रमुख गोपनीयता अधिकारीसँग सम्पर्क गरेर।

उजुरीहरूका लागि, थप एस्केलेशनका लागि कर्मचारी विकल्पमा प्रासंगिक होटल महाप्रबंधक र अन्तमा Hyatt प्रमुख गोपनीयता अधिकारीलाई privacy@hyatt.com मा ईमेल पठाएर गर्न सकिन्छ।

© 2018 Hyatt Corporation

एक्लै यस नीतिले सम्झौताको अधिकार सिर्जना गर्न सक्दैन, तर हयात बाध्यकारी स्तर र नीतिहरू एक सेट बनाएर व्यक्तिगत जानकारी सम्बन्धित केही देशहरूमा यसको कानुनी दायित्वको अनुपालन सुनिश्चित गरिएको छ (जसलाई बाध्यकारी कर्पोरेट नियमको रूपमा केही देशहरूमा चिनिन्छ), यो केही संख्याको राष्ट्रिय गोपनीयता नियामकबाट अनुमोदित भएको छ । फलस्वरुप, तपाईंको परिस्थिति तथा स्थानका आधारमा, उक्त नियंत्रक, अधिकृत वा अदालतको माध्यमबाट यी मापदण्ड वा नीतिहरूको प्रयोग गरेर तपाईंले आफ्नो गोपनीयता अधिकार कार्यान्वयन गर्न सक्नुहुनेछ । यदि तपाईं यी मापदण्ड तथा वचनबद्धताहरू बारे अझ बढी जान्न चाहनुहुन्छ भने, कृपया प्रमुख गोपनीयता अधिकृतसँग privacy@hyatt.com ईमेल मार्फत सम्पर्क गर्नुहोस्।

तपाईंको व्यक्तिगत जानकारी सम्म पुग्न गरिएको सबै अनुरोध लिखित रूपमा चिठी वा इमेल मार्फत् बुझाउनु पर्दछ । हामी तपाईंको अनुरोधलाई पत्र, इमेल वा अरू कुनै उपयुक्त तरिकाबाट जवाफ दिनेछौं ।

लागू हुने मितिः मे 2018

यो नीति को अंग्रेजी संस्करण र अन्य कुनै पनि भाषाको संस्करण कुनै विसंगतिको घटना आएमा, यो अंग्रेजी संस्करण मान्य हुनेछ (लागू कानूनको अनुसारको अधिकतम हद सम्म)।

© 2018 Hyatt Corporation